# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०३/०५

चौथो अधिवेसन

(१९औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेशनको १९औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरू,**

आ-आफ्नो ठाउँमा आसनग्रहण गर्न अनुरोध गर्दछु ।

**३. माननीय सदस्यहरू,**

आ-आफ्नो ठाउँमा आसनग्रहण गर्न अनुरोध गर्दछु ।

**४. माननीय सदस्यहरु,**

एकजना माननीय सदस्यलाई आफ्नो विचार राख्नलाई अनुरोध गर्छु र बाँकी सदस्यहरुलाई बस्न अनुरोध गर्दछु ।

**माननीय भरत बहादुर खड्का** :- सभामुख महोदय, बार्षिक बजेट सुदूरपश्चिमका लागि र देशकै लागि बहुत महत्वपूर्ण हुन्छ । बजेट बनाउदा खेरि यसका अल्पकालिन, दिर्घकालिन सोच राखेर सन्तुलित बजेटको अवधारणालाई व्यवस्थापन गरेर जति हामीसँग स्रोत छ त्यसलाई सहि ढंगले व्यवस्थापन गर्नुपर्ने दायित्व सरकारको हो । मलाई लाग्छ ०७४।०७५ को बजेट, ०७५।०७६ को बजेट एउटा हामी नौलो मोडेलमा, नौलो अभ्यासमा थियौ । हामीले धेरै छलफल गर्यौ रचनात्मक सहयोग दियौ केहि पार लागेन राजनैतिक संस्कार र सहिसुणताको आधारमा हाम्रो एउटै गन्तव्य हो । सुदूरपश्चिमलाई समृद्ध प्रदेश बनाऔ सुशासन दियौ, यहाको गरिबी हटाऔ, गरिबी हटाऔं सरकार र सदन सदनलाई कन्फिडेन्टमा राखेर अगाडि बढौ सरकारको लागि यो धेरै ठुलो ताकत बन्न सक्छ । सदनलाई त्यो ढंगले ग्रहण गरौ भनेर हामीले बारम्बार सदनका सबै सांसद साथिहरुले बारम्बार सुझाव दियौ । आज रेडबुकलाई हेर्दा खेरि हामीले सरसरती हेर्यौ सभामुख महोदय, सांसदको मात्र अपमान भएको छैन सिंगो सदनको अपमान गरेर यो बजेट आएको छ । यो रेडबुक होईन बल्याङ्क बुक हामीले यसलाई बल्याङ्क बुकको संज्ञा दिएका छौ । त्यो बल्याङ्क बुकमा पछि जे भरे पनि हुन्छ त्यति अपारदर्शि ढंगले बजेट आउनु हुदैन हामी धेरै ठुलठुला कुरा गर्यौ ट्रान्स परेन्टका कुरा गर्यौं, जनताको सुसुचित हुने अधिकारको कुरा गर्यौ तर अपादर्शि ढंगले बल्याङ्क बुक पछि पहुचवालाले जे भरेर ल्याउदा पनि हुन्छ । त्यति मात्र होइऐन विधि र पद्धतीलाई पनि आर्थिक अनुशासनलाई पनि यसले उलंघन गरेको छ । त्यति मात्र होईन लुटलाई प्रसय दिइएको छ । भ्रष्टाचारलाई प्रसय दिएको छ त्यसैले गर्दा खेरि हामीलाई अत्यन्त दुखित तुल्याएको छ हामी खेप प्रकट गर्न पनि चाहान्छौ र यो बजेटले सिंगो सुदूरपश्चिमबासिलाई अपमान गरेको छ । दुई चारजना पहुचवालाले असन्तुलित ढंगले यो बजेटको विनियोजन गरेको छ । त्यसैले गर्दा

खेरि यसमा हाम्रो घोर आपत्ति छ । त्यसैले हाम्रो आग्रह के हो भन्दा खेरि जब सम्म यो रेडबुकलाई पारदर्शि ढंगले ब्रेकडाउन भएर आउनु पर्छ र सदनलाई सम्मान हुने तरिकाले सांसदले दिइएका सुझावहरुलाई यसमा समावेश गरेर मात्र यो सदन अगाडि बढोस भन्ने हाम्रो आग्रह छ सभामुख मार्फत त्यसैले गर्दा खेरि यसमा हाम्रो घोर आपत्ति छ र यदि यथास्थितिमा सदन चल्न सक्दैन सभामुख महोदय, धन्यवाद । रा.ज.पा. र नेपाली कांग्रेसले यसमा विरोध जनाउँछ यथास्थितिमा यो सदन चल्न सक्दैन सभामुख महोदय, धन्यवाद ।

**५. माननीय सदस्यहरू,**

अर्थमन्त्रीको आज यस विषयमा ब्रिफिङ गर्ने कार्यक्रम छ र मलाई यो प्राप्त भएको छ कि उहाले यसलाई ब्रिफिङ गर्नको लागि समय माग्नु भा छ । त्यसैले तपाईहरुले विरोध गर्नुपर्ने वा के गर्नुपर्ने छ पछि सल्लाहा गर्ने गरि अथवा छलफल गर्ने गरि आजको जो समय विशेष समय मैले अर्थमन्त्रीलाई प्रदान गरेको छु त्यसको लागि धैर्यधारण गरेर आ-आफ्नो ठाउँमा, आ-आफ्नो स्थानमा आसनग्रहण गर्नको लागि म अनुरोध गर्दछु ।

**६. माननीय सदस्यहरू,**

सरकारको धारणा अर्थमन्त्रीले दिने पक्षमा आज कार्यक्रम छदैछ त्यसो भएको हुनाले कम्तीमा अर्थमन्त्रीको धारण के हो त्यो बुझ्ने धैर्यता यहाहरुले गर्नुपर्यो र आ-आफ्नो आसनग्रहण गर्नुहोस ।

**७.** माननीय सदस्यहरु,

कि यो बजेटको सन्दर्भमा माननीय अर्थमन्त्रीज्यूले आफ्नो धारणा राख्ने यहा कार्यक्रम रहेको छ । अनि सरकारको धारणा के हो त्यो बुझेर समर्थन अथवा असमर्थन गर्ने कुरा पछि हो त्यसो भएर मलाई लाग्छ यो अलि हतार भयो कि सरकारको धारणा नआईकन शुरुमै विरोध गर्नु भनेको मलाई लाग्छ यो कति मिल्छ त्यसैले सरकारको धारणा माननीय अर्थमन्त्रीले दिनुहुन्छ त्यसको लागि तपाईहरुले आ-आफ्नो आसनग्रहण गर्नको लागि म पुनः आग्रह गर्दछु ।

**८. माननीय सदस्यहरु,**

आजको बैठकको प्रतिपक्ष दलको अवरोधको कारण अगाडि बढ्न सकेन मिति २०७६ साल आषाढ ८ गते आईतबार विहान ८:०० बजेबाट अर्को बैठक बस्ने भएकोले उक्त समय सम्मका लागि यो बैठक स्थगित हुन्छ ।